# नवीकरणीय ऊर्जा प्रदर्शनी २०७२

## १ पृष्ठभूमीः

नेपालमा नवीकरणीय ऊर्जाका स्रोतहरु जस्तैः घाम, पानी, हावा, जैविक पर्दाथ आदिबाट ऊर्जा उत्पादन हुन सक्ने प्रशस्त सम्भावनाहरु रहेतापनि यसको भरपूर उपयोग भने गर्न सकिएको छैन । नविकरणीय ऊर्जा विकासका प्रसस्त सम्भावना हुँदाहुदै पनि हाम्रो देश कूल ऊर्जा खपतको झण्डै ७५% परम्परागत ऊर्जाका स्रोतहरु जस्तैः दाउरा, गुँइठा, झर्‍रो आदिमा आधारित छ । देशमा बढ्दो ऊर्जाको मागका कारण एकातिर सहरी क्षेत्रका जनताले दैनिक ११ घण्टा लोडसेडिङ्गको मार खप्नु परेको छ भने ग्रामीण एवं दूर्गम क्षेत्रका जनताले स्वच्छ र भरपर्दो ऊर्जा पाउन सकिरहेका छैनन् ।

नवीकरणीय ऊर्जा प्रविधिको ब्यापक प्रयोगले परम्परागत ऊर्जाका स्रोतमाथिको परनिर्भरता घटाउनुका साथै हरितगृह ग्याँस उत्सर्जनमा कमि ल्याई विश्वको वातावरण संरक्षणमा सहयोग पुर्‍याउछ । यसको विकास तथा प्रयोगले रोजगारी सिर्जना भै गरिबी निवारण हुनुका सथौ दिगो विकास, क्षेत्रीय संतुलन, आर्थिक कियाकलाप आदिमा योगदान पुर्‍याई देशको समग्र विकास गर्न उल्लेख्य भुमीका निर्वाह गर्दछ । साथै यसको प्रयोगबाट स्वास्थ र शिक्षाको गुणस्थरमा पनि सुधार ल्याउन सकिन्छ ।

नेपाल सरकारबाट नवीकरणीय ऊर्जा प्रविधिको प्रयोगले ग्रामीण जनतामा सकारात्मक प्रभाव पर्ने तथ्यको सुरुवाती सन् १९८० को सातौं पञ्च बर्षीय योजनामा भएको थियो । त्यस पछि नेपालको राष्ट्रिय योजना तथा कार्यक्रमहरुमा नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन र विकासका कार्यक्रमहरुमा समाहित हुन थालेका छन् ।

नेपालको धरातलीय स्वरुपमा विविधता, पातलो बसोबास तथा कठिन डाँडाकाँडाका कारण राष्ट्रिय प्रसारण लाईन मार्फत ग्रामिण भेगमा विद्युत आपुर्ति गर्न असहज र महगों छ । ठूला जलविद्युत परियोजना निर्माणको लागि धेरै प्रशासनिक प्रकृयाहरु पुरा गर्नुपर्ने तथा प्रसस्त लगानीको आवश्यकता भएका कारण नेपाल जस्तो गरिब मूलुकको लागि समयमानै यी परियोजनाहरु सम्पन्न गर्न कठिनाई भैरहेको अवस्था हामिसामू विद्यमान छ । तसर्थ नवीकरणीय ऊर्जा स्रोतको अधिकतम प्रयोग नै नेपालको लागि एक उपयुक्त र भरपर्दो विकल्प हो जसबाट परम्परागत ऊर्जाका स्रोतहरु जस्तैः दाउरा, कृषिजन्य अवशेष तथा गुईंठाको प्रयोगमा कमील्याई वातावरण संरक्षणका साथै ऊर्जा संकट ब्यबस्थापनमा योगदान पुर्‍याउन सकियतापनि यस्ता नविकरणीय ऊर्जा स्रोतहरुको यथेष्ट जानकारी र भरपूर प्रयोग हुन सकिराखेको छैन ।

नेपालमा नविकरणीय/ वैकल्पिक ऊर्जा प्रविधिको विकास र प्रबर्द्धन गर्ने उद्धेश्यले वि.सं. २०५३ साल कर्तिक १८ गते वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रको स्थापना भएको हो । नवीकरणीय ऊर्जाको केन्द्रिय निकायको रुपमा यो केन्द्र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय अन्तर्गत कार्यरत छ ।

## २ नवीकरणीय ऊर्जा प्रदर्शनी २०७२ किन ?

विश्वसनिय र प्रसस्त आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले सम्भाब्य नवीकरणीय ऊर्जा प्रविधिहरु सबै सर्वसाधारण जनतामाझ पुर्‍याउन त्यति सहज नभएतापनि निजि, सरकारी, गैरसरकारी, अन्तरराष्ट्रिय संघ संस्था तथा सर्वसाधारण आदीको सकिय सहभागितामा यी प्रविधिहरु लक्षित

जनसमुदाय सम्म पुऱ्याउन नसकिने भने होइन । वैकल्पिक ऊर्जा प्रर्बद्धन केन्द्रको स्थापना पछि विशेष गरि ग्रामिण क्षेत्रमा नवीकरणीय ऊर्जा प्रविधिको विकास र विस्तारमा उल्लेखनीय प्रगतीहरु भएका छन् । नवीकरणीय ऊर्जाबाट हालसम्म करिब १५ प्रतिशत जनतालाई विद्युत सेवा उपलब्ध भएको छ भने करिब ३० लाख घरघुरीले वायोग्यास र सुधारिएको चुलोको प्रयोग मार्फत् स्वच्छ र धूवाँरहित भान्सा उपयोग गरिरहेका छन् । तसर्थ देशव्यापी नविकरणीय ऊर्जा प्रविधिको पहुँच पुऱ्याउन दुरदर्शी र प्रभावकारी राष्ट्रिय नीति, नयाँ व्यवसायीक नमुना, थप अर्थिक स्रोत र उपभोक्ता सचेतनाको आवश्यकता छ । साथै देशमा हालै देखिएको ऊर्जा संकट र नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्न नेपाल सरकारले चालेका कदमहरु गाँउ लगायत शहरी क्षेत्रका सर्वसाधारण समक्ष पुचाउन जरुरी देखीएको । यस्ता कदमले नवीकरणीय ऊर्जा मार्फत् ऊर्जा संकट घटाउने नेपाल सरकारको लक्ष्यमा समेत सहयोग पुग्ने देखिन्छ । यसै कुरालाई ध्यानमा राख्दै वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्रले **२०७२ साल पौष १७ देखि १९ गते सम्म भृकुटीमण्डप काठमाण्डौंमा नवीकरणीय ऊर्जा प्रदर्शनी २०७२** मनाउन लागेको छ ।

## ३ नवीकरणीय ऊर्जा प्रदर्शनी २०७२ का उद्देश्यहरु :

- विद्यमान ऊर्जा संकटलाई मध्यनजर गर्दै नवीकरणीय ऊर्जा प्रविधिहरुको व्यापक प्रयोगमा बृद्धि गर्न सर्वसाधारण जनता, निति निर्माता तथा अन्य सरोकारवाला संघसंस्थाहरुलाई सचेत गर्ने र नविकरणीय ऊर्जा प्रविधिहरुको व्यापक प्रचार प्रसार गर्ने ।
- नवीकरणीय ऊर्जा प्रविधिको विकासमा निजि क्षेत्रहरु र बैंक तथा वित्तिय संघ संस्थाहरुको सक्रिय सभागिता र लगानीको लागि अनुकुल वातावरण सृजना गर्ने ।
- नवीकरणीय ऊर्जा क्षेत्रका संभाव्य उपभोक्ता, आपूर्तिकर्ता, विज्ञ, सर्वसाधारण बिच विचार आदान प्रदानको मञ्च प्रदान गरी यस्ता प्रविधिको थप प्रवर्द्धन गर्ने ।
- शहरी क्षेत्रमा सौर्य ऊर्जा लगायतका ठुलो स्तरका नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन गर्ने ।

## ४ प्रदर्शनीबाट अवलोकनकर्ता हरुलाई पुग्ने फाईदाहरु

- विभिन्न नवीकरणीय ऊर्जा प्रविधिहरु जस्तै सोलार, लघुजलविद्युत, जैविक ऊर्जा, वायोग्याँस, वायु ऊर्जा बारे जानकारी लिन दिन सकिने ।
- शहरी सौर्य ऊर्जा प्रणाली, फोहोरमैलाबाट ऊर्जा उत्पादन (Waste To Energy) र घरायसी ग्यासीफायर जस्ता नवीनतम प्रविधि तथा यसको जडान प्रक्रियाबारे जान्न सकिने ।
- नेपाल सरकारको नवीकरणीय ऊर्जा सम्बन्धि नीतिहरु बारे जानकारी लिन सकिने ।
- विभिन्न विश्वविद्यालयद्वारा नवीकरणीय ऊर्जा सम्बन्धित गरिएको अनुसन्धान बारे जानकारी लिन सकिने ।
- नवीकरणीय ऊर्जा प्रविधिमा काम गरिरहेका बिभिन्न संघसंस्था जस्तैः ऊर्जा कम्पनिहरु, निति निर्माताहरु, वित्तिय संस्थाहरु, सरकारी तथा गैर सरहकारी संस्था, विकास साझेदार संस्थाहरु, अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा अन्य सरोकारवालाहरुको नविकरणीय ऊर्जा सम्बन्धि बर्तमान कार्यक्रम तथा भावि रणनीतिको बारेमा जानकारी हासिल गर्न सकिने ।